आज मिति २०८०।०९।२९ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरू गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडाध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडाध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडाध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडाध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडाध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडाध्यक्ष |
| श्री रिजवान अहमद | वडाध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडाध्यक्ष |
| श्री मन्जु मिश्र | वडाध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडाध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य सचिव |

Scanned with CamScanner

मिति २०८०/३/२३

निर्णयः १

स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन LISA कार्यक्रम अन्तर्गत आ.व. ०७९/०८० मा शिवगंज नगरपालिकाले सम्पादन गरेका कार्यक्रमको स्व-मुल्याङ्कन गर्दा तपसिलका विषय र सूचकमा तपसिलको अङ्क प्राप्त भएको हुँदा कमजोर देखिएका सूचकको गम्भिरतापूर्वक मनन गरी यस आ.व. मा उल्लेख्य सुधार गर्ने प्रतिबद्धता सहित कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

| क.सं. | विषय क्षेत्र | अङ्क भार | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ८ | ८८.८९ |
| २ | संगठन तथा प्रशासन | ८ | ६.५ | ८१.२५ |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ११ | १०० |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | १०.५ | ९५.४५ |
| ५ | सेवा प्रवाह | १६ | १४.२५ | ८९.०६ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ४.५ | ६४.२९ |
| ७ | भौतिक पूर्वाधार | १३ | ७.५ | ५७.६९ |
| ८ | सामाजिक समावेशीकरण | १० | ५ | ५० |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ३.५ | ३८.८९ |
| १० | सहकार्य र समन्वय | ६ | ४.५ | ७५. |
| | जम्मा | १०० | ७५.२५ | ७५.२५ |

**कार्ययोजनाहरू:**

१. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका निर्माण गर्ने।

२. कार्य समितिको बसेको बैठकमा अघिल्लो बैठकबाट भएका निर्णयको समीक्षा गर्ने व्यवस्था मिलाउने।

३. क्षमता विकास योजना निर्माण र सो अनुरूप कार्य गर्ने।

४. विषयगत शाखामा जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारी कार्यविवरण तयार गरी लागू गर्ने।

५. कर्मचारीहरूको कार्य सम्पादन सम्झौता तयार गरी लागू गर्ने।

६. वार्षिक बजेटमा पदाधिकारी/जनशक्तिको क्षमता विकासमा लगानी कुल चालु खर्चको १.५% बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने ।

७. सबै गै सका कार्यक्रमहरु स्थानीय तहको वार्षिक योजना कार्यक्रममा समावेश.स.गर्ने ।

८. खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

९. वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा अनिवार्य गर्ने ।

१०. स्थानीय तहबाट नागरिकलाई उपलब्ध गराउनु पर्ने सेवा सुविधाको सम्बन्धमा कार्यपालिकामा छलफल भई सेवा प्रवाह सुधारका सम्बन्धमा निर्णय भई पूर्ण रूपमा कार्यान्वयन गर्ने ।

११. सेवा प्रवाह सम्बन्धी मापदण्ड निर्माण (SOP) तयार गर्ने ।

१२. कार्यालयाबाट सामाजिक परिक्षणको लागि कानुन/मापदण्ड निर्माण गर्ने ।

...बराम पौडेल
...प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

CS Scanned with CamScanner

१३. प्रत्येक वडामा गुनासो पेटिकाको दस्तावेजीकरण र सम्बोधन कार्ययोजना निर्माण गरी सबै वडा तथा पालिकामा लागू गर्ने ।
१४. सेवा प्रवाहमा घुम्ती सेवा संचालन गर्ने ।
१५. सार्वजनिक सुनुवाईको व्यवस्था मिलाउने ।
१६. शिक्षामा सबै बालबालिकाको पहुँचका लागि कार्ययोजना निर्माण गरी लागू गर्ने ।
१७. स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धिका लागि कार्ययोजना निर्माण गरी लागू गर्ने ।
१८. कृषि तथा पशु सेवामा नागरिकको पहुँच अभिवृद्धिका लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।
१९. स्थानीय उत्पादनको प्रर्वर्धन र बजारीकरणका लागि नीतिगत र कार्यक्रम व्यवस्था गरी सो अनुसार बजार व्यवस्थापन गर्ने ।
२०. सडक यातायात गुरूयोजना निर्माणका लागि आवश्यक पहल गर्ने ।
२१. भौतिक पूर्वाधार विकासमा सार्वजनिक, निजी साझेदारी नीति निर्माण तथा योजना कार्यान्वयन गर्ने ।
२२. बाल मैत्री तथा अपाङ्गमैत्री पूर्वाधार नीति निर्माण गर्ने ।
२३. प्रत्येकवार्डमामेलमिलापकर्ताको व्यवस्था गरी मेलमिलाप केन्द्र गठन गर्ने ।
२४. जोखिम संवेदनशील भूउपयोग योजना
२५. भौतिक पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारी -नीति निर्माण गर्ने ।
२६. निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापनको व्यवस्था मिलाउने ।
२७. सामाजिक विभेदको न्यूनीकरण नीति तथा कार्यक्रम तयार गरि कार्यान्वयन गर्ने ।
२८. स्थानीय तहबाट गठन हुने समिति उपसमितिहरू, कार्यदल गठन गर्दा आंशिक रूपमा कानुनले निर्दिष्ट गरेको समानुपातिक समावेशीता कायम गरी निर्णय प्रकृयामा सहभागिताको व्यवस्था मिलाउने ।
२९. सामाजिक सुरक्षा तथा संरक्षण अन्तर्गत बालबालिका पुनर्स्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र सञ्चालनका लागि नीतिकार्यक्रम तर्जुमा भएको र आवश्यकता अनुसार केन्द्रहरु / स्थापना भई नियमित सञ्चालनको व्यवस्था मिलाउने ।
३०. घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान अन्तर्गत टोल विकास संस्थालाई परिचालन गरी घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान सम्बन्धी कार्यक्रमको व्यवस्था मिलाउने ।
३१. बालश्रम, बाल विवाह, बहुविवाह, दाइजोदहेज/, बोक्सीजस्ता प्रथासँग सम्बन्धि नीति तथा कार्यक्रमको व्यवस्था मिलाउने ।
३२. उपभोक्ता समिति गठन गर्दा महिला अध्यक्ष/अपाङ्गता भएका व्यक्ति संयोजक/दलित/पदमा समावेशको व्यवस्था मिलाउने ।
३३. आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा बजेट विनियोजन (सशर्त अनुदान बाहेक) गरि कार्यक्रम संचालन गर्ने ।
३४. वातावरणीय प्रदूषण नियन्त्रका लागि आवश्यक कानून नीति तथा कार्यक्रम बनाइ लागु गर्ने ।
३५. विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कनको व्यवस्था गर्ने ।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner